# भिक्षु ऊ. कित्तिमा महास्थविर

-: लेखक :-

रत्नसुन्दर शाक्य

"परियत्ति सद्धम्मपालक"

Dhamma.Digital

-: प्रकाशिका :-

अनागारिका संघरक्षिता

संघरक्षिता विहार

सुनधारा, चंकिटोल

पाटन-७

Downloaded from http://dhamma.digital

प्रकाशिका :–

अनागारिका संघरक्षिता
संघरक्षिता विहार
सुनधारा, चंकिटोल
पाटन–७

बुद्धसम्बत् – २५३७
विक्रमसम्बत्– २०५०
नेपालसम्बत्– १११३
ईस्वीसम्बत् – १९९३

Dhamma.Digital

मूल्य :– ३/–

मुद्रक :–

नेपाल प्रेस
शुक्रपथ, काठमाडौं ।
फोन न २२ १० ३२

Downloaded from http://dhamma.digital



भिक्षु ऊ. कित्तिमा महास्थविर
(सन् १९०३-१९८७)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# दुई शब्द

पूज्यपाद भिक्षु ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) का एक प्रमुख शिष्य भिक्षु ऊ. कित्तिमा पनि बर्माबाट भारतमा आउनुभई बुद्ध-धर्म प्रचार-प्रसारार्थ आफ्नो सम्पूर्ण जीवन बिताउनुभएकाहरूमा एक प्रमुख थिए ।

भिक्षु ऊ. चन्द्रमणि महास्थविरलाई जस्तै भिक्षु ऊ. कित्तिमालाई पनि नेपालका स्थविरवादी बौद्ध जगत्ले कहिल्यै बिर्सन सकिँदैन ।

आफ्ना कयौं शिष्य-शिष्याहरूलाई अध्ययन र लेखन कार्यमा टेवा दिनुभएका भिक्षु ऊ. कित्तिमा महास्थविर, आफ्नो ८४ वर्षको जीवनकालमा विशेषत: सारनाथ र बनारसमा आफ्ना कीर्तिहरू छोडेर जानुभएको थियो ।

भिक्षु ऊ. कित्तिमाको यस संक्षिप्त जीवनी जुन "आनन्द-भूमि", वर्ष-२० अङ्क २ र ३ मा प्रकाशित भइसकेकोलाई पुस्तकाकारको रूपमा प्रकाशित गरिदिएकोमा अनागारिका संघरक्षिता प्रति कृतज्ञ छु । आशा गर्दछु, यस संक्षिप्त जीवनीबाट भिक्षु ऊ. कित्तिमाको देन एवं नेपालमा स्थविरवाद बुद्ध-धर्मको प्रारम्भिक इतिहासबारे केही कुराहरू यहाँलाई अवश्य स्मरणीय रहनेछ ।

२० आषाढ २०५०
थालाछें, भक्तपुर

– रत्नसुन्दर शाक्य

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

स्थरविरवाद बुद्ध-शासनमा भिक्षु ऊ. कित्तिमा बाबा (भन्ते) भारतवर्षमा र विशेषत: छिमेकी देश नेपालमा बुद्धको शान्ति-सन्देश फिजाउनमा अग्र रहनुभएको छ। भारत एवं नेपालमा रहेका वहाँका कयौं शिष्य-शिष्या (प्रव्रजित भएका)हरूमा आफु पनि एक हुन पाएकोमा गर्व लागेको छ।

संसारमा अनगिन्ती मानवहरू आवत-जावत गर्दै रहेका हुन्छन् तर मृत्युपर्यन्त पनि बाँचिरहने कार्य गर्नेहरू अल्पमात्र रहेका हुन्छन् जसमा भिक्षु ऊ. कित्तिमा महास्थविर पनि हाम्रो निमित्त एक नमूना हुनुभएको छ। वहाँले छोडेर जानुभएका सद्धार्मिक कार्यहरू हाम्रो समक्ष अद्यावधि छन्। यसै सन्दर्भमा उल्लेखनीय छ, तथागतले भिक्षु आनन्दलाई दिनुभएको वचन-

"आनन्द! म परिनिर्वाण भइसकेपछि मैले देशना गरेको धर्म र विनय नै तिमिहरूको गुरु भनेर सम्झनू।"

यस्तै किसिमले भिक्षु ऊ. कित्तिमाले तथागतको सद्धर्म प्रचार-प्रसारको निमित्त गर्नुभएका सम्पूर्ण कार्य नै वहाँको प्रतिबिम्ब हुन आउँछ जसको स्मरण गर्नलाई यस पुस्तकद्वारा पनि केही टेवा मिल्नेछ।

Downloaded from http://dhamma.digital

भक्तपुरका उपासक रत्नसुन्दर शाक्यले गुरुजीको जीवनी लेखिदिएकोमा म निकै प्रसन्न छु, साथै यस जीवनी-लाई प्रकाशित गर्ने मौका दिनुभएकोमा पनि वहाँलाई धन्यवाद छ। एक किसिमले गुरुजीको यस जीवनीलाई दोश्रो संस्करण मान्न सकिन्छ किनकि आफूले पनि गुरुजीको जीवनी लेखी वि. सं. २०४५ सालमा प्रकाशित गरिसकेको छु।

**अनागारिका संघरक्षिता**
संघरक्षिता विहार
सुनधारा, चकिटोल
पाटन–७

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# भिक्षु ऊ. कित्तिमा महास्थविर

आधुनिकयुगमा, भारत एवं नेपालमा बुद्धधर्म प्रचार–प्रसारार्थ सम्पूर्ण जीवन अर्पण गर्नुभएका केही बर्मी भिक्षुहरूमा ऊ. कित्तिमा महास्थविर पनि एक हुनुहुन्छ।

वहाँको जन्म २४ अगस्त १९०३ का दिन बर्माको अक्याबमा भएको थियो। माता–पिताको तर्फबाट वहाँले आफ्नो नाम "औं जो खाई" पाउनुभएको थियो।

बाल्यावस्थादेखि नै वहाँ तीक्ष्ण बुद्धिको हुनुहुन्छ। वहाँको स्मरणशक्तिदेखि सबै ताज्जूब हुन्थे। सानो उमेरमै वहाँका माता–पिताको निधन भयो। अतः वहाँले आफ्नो प्रारम्भिक शिक्षा आफ्नै गाउँ (रूपछौं) को आसपासमा रहेको स्कूलमा जसोतसो गरी समाप्त गरे।

आफ्नो अध्ययन जारी राख्न वहाँले प्रव्रजित हुने विचार गरे। अतः वहाँ १७ वर्षको उमेरमा सन् १९२० को नवम्बर महिनामा आफ्नै नातेदारको रूपमा रहनुभएका भिक्षु ऊ. चन्दिमा कहाँ गई प्रव्रजित हुनुभयो। प्रव्रज्या-पश्चात् ऊ. चन्दिमाद्वारा वहाँको नाम "ऊ. कित्तिमा" राखियो।

प्रव्रजित (श्रामणेर) हुनुभएको २ महिना पश्चात् नै जनवरी १९२१ मा वहाँ भारत जानुभयो। त्यसबेलादेखि

Downloaded from http://dhamma.digital

वहाँले भगवान् बुद्धको विचरण–भूमि 'भारत देश' हो भनी थाहापाउनुभयो । त्यसबेलादेखि वहाँले तथागतको विचरण–भूमिमा रही जस्तोसुकै समस्या आइपरे पनि आफ्ना सम्पूर्ण जीवन बुद्धधर्मको प्रचार–प्रसारार्थ बिताउने लक्ष्य राख्नुभयो ।

वहाँ भारत पुग्नासाथ सर्वप्रथम आफ्नो मामा (गृहस्थ जीवनका) ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६–१९७२) कहाँ (कुशीनगर) जानुभयो । ऊ. चन्द्रमणि महास्थविरले वहाँका लागि सम्पूर्ण प्रबन्ध मिलाइदिनुभयो । वहाँलाई ऊ. चन्द्रमणि महास्थविरले गोरखपुरको एक हाई स्कूलमा भर्ना गरिदिनुभयो । वहाँले स्कूल र विहारमा गरी सवाबर्ष जतिमा हिन्दीभाषा सिक्नुभयो । त्यसपछि वहाँ बलरामपुरमा र लखनऊमा रहनुभयो ।

भारतमा आगमनको तेस्रो वर्षमा श्रामणेर कित्तिमा हिमाचल प्रदेश स्थित कांगडाको गुरुकुलमा जानुभएको थियो तर त्यहाँका हिन्दू–आश्रमवासीहरू सदा बुद्धको निन्दा मात्र गरिरहने भएकोले त्यस गुरुकुल छोडी वहाँ लाहोर (हाल पाकिस्तान) को "वैदिक आश्रम" मा जानुभयो । त्यहाँ केही महिनामात्र रही कुशीनगरमै फर्कनुभयो ।

त्यसबेला भारतमा कहीँ पनि उपसम्पन्न हुने सीमा भवन बनेको थिएन । सारा भारतमा गरी १० जना भिक्षुहरू पनि थिएनन् । उपसम्पन्न हुन वा अन्य कुनै सांघिक कार्य गर्न १० जना भिक्षुहरूको कोरम मानिदै आएको थियो । अत: श्रामणेर ऊ. कित्तिमा उपसम्पन्न हुनको निमित्त बक्याब

Downloaded from http://dhamma.digital

(बर्मा) फर्कनुभयो र सन् १९२४ को जून महिनातिर उप॰सम्पन्न हुनुभई "भिक्षु ऊ. कित्तिमा" हुनुभयो ।

उपसम्पन्न भएको १० दिनपछि नै वहाँ कुशीनगर फर्कनुभयो । वहाँले आफ्नो प्रथम वर्षावास (सन् १९२४) गोरखपुरको "आर्यसमाज मन्दिर" मा स्वामी परमानन्दका साथ बिताउनुभएको थियो । स्वामी परमानन्द एक प्रसिद्ध लेखक, आर्यसमाजी कार्यकर्ता, बर्मामा केही समय भिक्षुजीवन बिताएर आइसकेका व्यक्ति थिए ।

सन् १९२५ मा भिक्षु ऊ. कित्तिमा बनारस जानुभयो र ३ वर्षसम्म वहीं रहनुभयो । त्यस अवधिभित्रमा वहाँले संस्कृत, हिन्दीका साथै अंग्रेजीको पनि ज्ञान हासिल गर्नुभएको थियो । सन् १९२८ मा ऊ. चन्द्रमणि महास्थविरले वहाँलाई सारनाथको बर्मी धर्मशाला– जहाँ कोही भिक्षु नरहेको कारण विहार सुनसान रहन गएको थियो, मा गई बस्ने आदेश दिनुभयो । गुरु ऊ. चन्द्रमणि महास्थविरको आदेशानुसार भिक्षु ऊ. कित्तिमा सारनाथको त्यस बर्मी धर्मशाला (बिहार) को सुरक्षाको लागि जानुभयो ।

सन् १९२९ मा विशेष कारणवश भिक्षु ऊ. कित्तिमाले बर्मामा एक पटक नगई नहुने काम देखिन आयो । त्यसको खबर वहाँले ऊ. चन्द्रमणि महास्थविरलाई पठाउनुभयो । त्यसबेला ऊ. चन्द्रमणि महास्थविर कहाँ नेपालका पहिलो (आधुनिक युगका) श्रामणेर महाप्रज्ञा (पछि भिक्षु महाप्रज्ञा एम. पि. प्रधान- बौद्ध ऋषि महाप्रज्ञा वि.सं. १९५८-२०३५)

Downloaded from http://dhamma.digital

गुरुवर समक्ष रही आर्यअष्टांगिक मार्ग एवं अन्य बौद्ध साहित्य अध्ययन गर्दै रहेका थिए ।

ऊ. चन्द्रमणि महास्थविरले भिक्षु ऊ. कित्तिमा बर्मामा रहेसम्म सारनाथको बर्मी धर्मशालाको सुरक्षा गर्दै रहन श्रामणेर महाप्रज्ञालाई सारनाथ पठाउनुभयो । वहाँको आगमनपछि भिक्षु ऊ. कित्तिमा बर्मा जानुभयो । वहाँ बर्षदिन जति बर्मामा रहनुभई सन् १९३० को शुरूमा सारनाथ फर्कनुभयो ।

त्यसबेलाको सारनाथको स्थितिबारे महाप्रज्ञा गुरुले आफ्नो आत्मकथामा यसरी उल्लेख गर्नुभएको छ–

"सारनाथ अबले खालि जङ्गल तिनि–महाबोधिसभा (स्थापना–१८९१ ई.) अन छुं हे मयाःनि । लंकायाम्ह श्रीनिवास (सन् १८९४–१९६८) भन्ते छम्ह नं अनहे महाबोधिसभां झोपडि छगू दयेकाः नसचं बियाः पाः तयेथें तयातःगु खःाव जंगलय् सिर्फ जिपि निम्ह हे जक दु । बराबर अनागारिक धर्मपाल (सन् १८६४–१९३३) वाःह्यू वँगु जुयाच्वन, जि अन च्वंच्वनाबलय् हे मूल गन्धकुटी महाविहार बनय् जुल ।"

भिक्षु ऊ. कित्तिमा बर्माबाट फर्की सारनाथ पुग्नुभए-पछि श्रामणेर महाप्रज्ञा पनि वहाँसित बिदालिई कुशीनगर फर्कनुभएको थियो । भिक्षु ऊ. कित्तिमा, आफ्नो अनुपस्थिमा श्रामणेर महाप्रज्ञाले सारनाथको त्यस बर्मी धर्मशालाको सुरक्षा गर्दै रहेको कारण विशेष प्रसन्न हुनुभएको

Downloaded from http://dhamma.digital

थियो । त्यसबेला वहाँले श्रामणेर महाप्रज्ञाको फोटो एउटा पनि खिँच्नुभएको थियो ।

स्मरणीय छ, सारनाथको त्यस बर्मी धर्मशाला (आर्यसंघाराम) गत शताब्दीका प्रथम उत्तर-भारतीय भिक्षु महावीर महास्थविर (सन् १८३३-१९१९) ले बनाउनु भएको थियो, यस विहारमै सुप्रसिद्ध बौद्ध विद्वान् भिक्षु धर्मरक्षित २८ जूलाई १९४२ (आषाढ पूर्णिमा) का दिन ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित हुनुभएको थियो ।

श्रामणेर महाप्रज्ञा कुशीनगर फर्कनुभई केही दिन रहनुभएपछि कालिम्पोङ्ग प्रस्थान गर्नुभएको थियो । कालिम्पोङ्गबाट पुनः कर्मशील घ्येलुंलाई साथ लिई उत्तर-प्रदेश एवं विहार प्रदेशमा रहेका विभिन्न बौद्ध तीर्थस्थलहरू घुमफिर गरी कुशीनगर पुग्नुभएको थियो ।

यसैबेला सर्वप्रथम कर्मशील घ्येलुं (पछि सङ्घनायक भिक्षु प्रज्ञानन्द महास्थबिर- वि. सं. १९५७-२०४९) ले ऊ. चन्द्रमणि महास्थविरको प्रथम दर्शन गर्नुभएको थियो साथै बुद्धका बिशाल परिनिर्वाणमूर्तिको पनि पहिलोपल्ट अवलोकन गर्नुभएको थियो । वहाँहरू कुशीनगर पुग्नुभएको केही दिन पछि नै श्रामणेर महाप्रज्ञाको प्रेरणाबाट कर्मशील घ्येलुं पनि ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा थेरवाद परम्परानुसार प्रव्रजित भई "श्रामणेर कर्मशील" हुनुभएको थियो ।

Downloaded from http://dhamma.digital

श्रामणेर कर्मशील पनि कुशीनगरमा केही महिना रही बुद्ध धर्मबारे केही अध्ययन मनन गरिसकेपछि गुरुद्वय (ऊ चन्द्रमणि महास्थविर र श्रामणेर महाप्रज्ञा) सित अनुमति लिई नेपालमा बुद्धधर्म प्रचार प्रसारार्थ आउनुभएको थियो। वहाँलाई रक्सौलसम्म श्रामणेर महाप्रज्ञाले साथ आई प्रेरणा दिनुभएको थियो।

श्रामणेर कर्मशील पनि बढो कष्टका साथ काठमाण्डो पुग्नुभएको थियो, वहाँलाई वीरगंजको चौकी ('Check-Post) मा केही वास्ता नगरे पनि चिसापानी गढी (भीम फेदीपछिको) का सरकारी कर्मचारीहरूले निकै कडाई गरेको थियो। वहाँसँग रहेका प्रत्येकवस्त्रहरूको एक-एक गरी छानबीन गरिएको थियो। वहाँलाई वि. सं. १९८२ मा निष्कासन गरेका प्रमुख भिक्षु महाप्रज्ञा नै भेष बदली (कलेजी रङ्गबाट-पहेँलो रङ्गमा) आएको सम्झी रोकावट गरेको थियो तर वहाँले आफू कहिल्यै त्यस बाटोबाट नआएको, गृहस्थ रूपमा ल्हासा गई त्यही बाट घ्येलुं भई भारतका बिभिन्न तीर्थस्थल घुमेर आएको र आफ्नो नाम पनि "कर्मशील" भनी स्पष्ट रूपमा नम्रतापुर्वक बताइसकेपछि मात्र बल्लवहाँलाई छोडेको थियो

श्रामणेर कर्मशील स्वयम्भुको किन्डोल विहारमा रहनुभई स्थविरवाद बुद्धधर्मको प्रचार-प्रसार गर्दै रहनुभएको थियो, जसअनुसार वहाँबाट प्रभावित हुनुभई केही व्यक्तिहरू बुद्ध-शासनको निमित्त आफ्नो जीवन नै परित्याग (भिक्षु एवं

Downloaded from http://dhamma.digital

अनागारिका हुने) गर्न सक्षम भए । त्यस अवधिभित्रमा श्रमणेर महाप्रज्ञा पनि गुप्तरूपमा शिवरात्रीको अवसर लिई नेपाल पस्नुभएको थियो । वहांले प्रवजित हुन चाहेका नवश्रद्धालुहरूलाई पनि अति प्रसन्न गराई एक-आपसमा सर-सल्लाह गरी कुशीनगर पुग्न जाने प्रबन्ध (Programme) मिलाइएको थियो, जसअनुसार वहाँहरू सबै कुशीनगर पुग्नुभएपछि ती श्रद्धालु पुरुष एवं महिलाहरूलाई भिक्षु ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट शामणेर शासनज्योति, अनागारिका रत्नपाली, धर्मपाली र संघपालीको रूपमा प्रवजित गराउन श्रामणेर महाप्रज्ञा र कर्मशील सफल हुनुभएको थियो । तिनीहरूको प्रवज्यापश्चात् श्रामणेर कर्मशील कालिम्पोङ्ग प्रस्थान गर्नुभएको थियो । नव प्रवजिताहरूमा अनागारिका रत्नपाली नेपाल आउनुभएको थियो। अनागारिका धर्मपाली संघपाली श्रामणेर कर्मशीलका साथ कालिम्पोङ्ग जानुभएको थियो ।

कुशीनगरमा श्रामणेर महाप्रज्ञाका साथ शासनज्योति रहँदैआऐका थिए । त्यसै अवधिभित्रमा एक दिन कित्तिमा भन्तेले खिँचिदिएको श्रामणेर महाप्रज्ञाको फोटो राखी छापिएको एउटा बर्मीज अखबार ऊ. चन्द्रमणि महास्थविरसमक्ष पुगेको थियो । बर्माका एक दायकले भिक्षु कित्तिमासित सम्पर्क राखी श्रामणेर महाप्रज्ञाको बिषय थाहापाई वहाँलाई उपसम्पन्न गराउने लक्ष्य राखी वहाँको खोजखबरको निमित्त पत्रिकामा फोटो छापिएको रहेछ । अतः संयोगले श्रामणेर

Downloaded from http://dhamma.digital

महाप्रज्ञा ऊ. चन्द्रमणि महास्थविरसमक्ष नै रहेको कारण केही दिनपछि (वि. सं. १९८८ को वैशाखपूर्णिमाअगाडि) नै बर्मा पुगी श्रामणेर महाप्रज्ञाको साथै शासनज्योति उपसम्पन्न भई "भिक्षु महाप्रज्ञा" र "भिक्षु शासवज्योति" हुनुभएको थियो।

यसरी भिक्षु ऊ कित्तिमाले खिँच्नुभएको फोटोको हेतु-द्वारा श्रामणेर महाप्रज्ञाको 'उपसम्पदा' कार्य सम्पन्न हुन भएको थियो।

भिक्षु ऊ. कित्तिमाले सारनाथको रेखदेखमात्र गर्नुभएको थिएन, त्यहाँ आवश्यक विभिन्न भवनहरूको निर्माण पनि गर्नुभएको थियो जसअनुसार सन् १९३४ मा वहाँले भिक्षु सोमा–भवन व पुस्तकालयको निर्माण गर्नुभएको थियो भने सन् १९३६ मा "धर्मचक्रविहार" को निर्माण गर्नुभएको थियो।

स्मरणीय छ, वहाँ एवं वहाँका बर्मी दाताहरूले निर्माण गरेको आधुनिक युगमा सारनाथमा बनिएको त्यस पहिलो सीमागृहमा उपसम्पन्न हुने पहिलो मौका नेपालकै श्रामणेर धर्मालोक (सन् १८९०–१९६७) ले पाउनुभएको थियो। वहाँ सीमा–भवन प्रतिष्ठा भएकै दिन (जनवरी, १९३४ ई.) मा उपसम्पन्न भई "भिक्षु धम्मालोक" हुनु-भएको थियो।

अन्य एक स्मरणीय कुरा, २२ नवम्बर १९३६ का दिन (तेस्रो तिब्बतयात्राबाट फर्कनुभएको एक हप्तापछि) त्रिपिटकाचार्य भिक्षु राहुल सांकृत्यायनलाई काशी विद्यापीठको तर्फबाट एक मानपत्र प्रदान गरिएको थियो। २४ नवम्बर

Downloaded from http://dhamma.digital

१९३६ का दिन त्यही ठाउँ (टाउन हलमा–मानपत्र दिएको ठाउँ) मा वहाँले तिब्बतयात्रा सम्बन्धी एक व्याख्यान दिनुभएको थियो, जुन व्याख्यानमा वहाँले यात्रामा आफूले अनुभव गरेर आएअनुसारको खान–पिनको पनि चर्चा गर्नुभएको थियो जसअनुसार वहाँले खाना अन्तर्गत याक् (एक किसिमको गाई नै) को मासु पनि खाएर आएको कुरा स्पष्ट बताउनुभएको थियो। यसै विषयलाई लिएर कयौं हिन्दू-धर्माधिकारी एवं धर्मान्धहरूले वहाँको विरूद्ध कलम चलाएका थिए। जसमा मनुस्मृतिका महान् ज्ञाता "आचार्य इन्दिरारमण-शास्त्री" पनि थिए। वहाँले जोशाजोशाको रूपमा "भारतको लागि बुद्धधर्मको आवश्यकता छैन, बुद्धधर्म त भारतले पर्याकिसकेको पत्रु (काम नलागेको चीज) समान धर्म हो" भन्ने शीर्षक राखी एउटा पर्चा निकालेको थियो।

वास्तवमा आचार्य इन्दिरारमण शास्त्रीलाई पनि थाहा थियो कि राहुल सांकृत्यायन पनि मनुस्मृति ग्रन्थका महान् ज्ञाता थिए। राहुल सांकृत्यायन त स्पष्ट भन्नुहुन्छ–

"मनुस्मृति (एवं अन्य हिन्दूग्रन्थ) हमारे देशके बहुजनको दासता और अर्द्धदासताकी बेडी बनानेका शताब्दीयों से काम करतीरही है। इसे (ती धर्मग्रन्थहरूलाई नयाँ ढङ्गबाट) व्याख्या करने से कुछ नहीं बन सकता।"

राहुल सांकृत्यायन एकै ठाउँमा रहने व्यक्ति होइन, अतः वहाँ व्याख्यान दिइसकेपछि गन्तव्य स्थानमा गइसकेका थिए। अतः त्यसको प्रतिवाद बडो जोडदार रूपमा भिक्षु ऊ.

Downloaded from http://dhamma.digital

कित्तिमाले गर्नुभएको थियो । वहाँले प्रतिवादको रूपमा एक लामो लेख लेखी निःशुल्क वितरण गर्नुभएको थियो । पछि इन्दिरारमण शास्त्री, आचार्य धर्मानन्द कोशाम्बी (सन् १८७६–१९४७) लाई साथ लिई वहाँसित माफी माग्न आएका थिए ।

सन् १९३९ मा, बर्मामा हिन्दू र मुस्लिमहरूको बीच ठूलो दङ्गा भएको थियो जुन दङ्गामा मुसलमानहरूले हिन्दू-हरूलाई निकै यातना दिइरहेका थिए । त्यसबेला भिक्षु ऊ. कित्तिमा बर्मामै थिए । वहाँले हिन्दूहरूको रक्षार्थं आफ्ना एक शिष्य ऊ. चन्द्रवंशलाई पनि साथ लिई गाउँ–गाउँ, नगर–नगरमा गई बौद्धहरूले हिन्दूहरूको रक्षा गर्नुपर्ने आवश्यकता जनाउँदै बौद्ध गृहस्थहरूलाई मैत्री र करुणाको उपदेश दिंदै हिन्दूहरूको अवस्था (यद्यपि तिनीहरू छुवाछुत र आचार–विचारमा कट्टर थिए) सुधार गर्दै जानुभएको थियो ।

भिक्षु ऊ कित्तिमा बर्मी भाषाका सुप्रसिद्ध लेखक पनि थिए । वहाँको लेख बरोबर बर्मी पत्र–पत्रिकाहरूमा प्रकाशित भई नै रहन्थे । वहाँले बर्मीभाषामा धेरै किताबहरू पनि लेख्नुभएको थियो ।

हिन्दीभाषा–भाषीहरूको लागि पनि वहाँले केही किताबहरू प्रकाशित गर्नुभएको थियो जसमा १) सिगालोवाद सुत्त २) मिलिन्दप्रश्न ३) महापरिनिब्बाण सुत्त ४) महा-सतिपट्ठान सुत्त र ५) ब्राह्मणधम्मिय सुत्त ६) बुद्ध धर्म के मूल सिद्धान्त आदि प्रमुख हुन् ।

Downloaded from http://dhamma.digital

वहाँले "महास्थविर महावीर ग्रन्थमाला" को प्रकाशनकार्य पनि शुभारम्भ गर्नुभएको थियो जसको प्रथम पुष्पको रूपमा भिक्षु जगदीश काश्यप (सन् १९०८-७६) द्वारा अनूदित (पालीबाट हिन्दीमा) "मिलिन्द प्रश्न" को प्रथम संस्करण सन् १९३७ मा प्रकाशित गर्नुभएको थियो।

भिक्षु ऊ. कित्तिमाले सारनाथमा मात्र दृष्टि राख्नुभएको थिएन कुशीनगरमा पनि केही वर्ष अगाडिदेखि झोपडीमा चलाउँदै आएको "चन्द्रमणि निःशुल्क प्राइमरी स्कूल" लाई सेठ युगल किशोर बिडला (सन् १८८३-१९६७) को सहायताबाट एक राम्रो भवन तयार गर्न लगाइएको थियो।

स्मरणीय छ, ३१ नवम्बर १९४४ का दिन नेपालमा बुद्ध-धर्म प्रचार-प्रसारार्थ सारनाथमा स्थापना भएको "धर्मोदय-सभा" को वहाँ पनि एक संस्थापक सदस्य हुनुहुन्छ। अतः नेपालमा बुद्धधर्म प्रचार-प्रसार गर्न, गराउनमा वहाँको पनि प्रमुख देन रहेको छ। नेपालमा वहाँका शिष्य-शिष्या प्रव्रजितहरू पनि छन्। वहाँहरू हुनुहुन्छ-

१) भिक्षु धम्मानन्द (वि. सं. २००६)

२) स्व. अनागारिका धर्मचारी (वि. सं. १९९१)

३) अनागारिका उत्तरा (वि. सं. २००५)

४) अनागारिका संघरक्षिता (वि. सं. २०१६)

५) अनागारिका अभया (वि. सं. २०२७)

Downloaded from http://dhamma.digital

सन् १९४३–४४ देखि वहाँ बनारसको सिगरा (भारतमाताको अगाडि) मा एक विहार एवं धर्मशालाको निर्माण गरी पुरा ४ दशक (४० वर्ष) सम्म रही भारत एवं नेपालका कयौं व्यक्तिहरूलाई धर्मबोध गराउनु भएको थियो।

वहाँले २३ अप्रिल १९८७ तदनुसार १० वैशाख २०४४ का दिन आफ्नो ८४ वर्षको जीवनकाल त्यही सिगराको बर्मी-विहारमा परित्याग गर्नु भयो।

★★★★

## सन्दर्भ


१) बौद्ध विभूतियाँ– भिक्षु धर्मरक्षित
– मनोरंजन पुस्तकालय, बनारस–१९५४

२) मेरी जीवन यात्रा (भाग–२)– राहुल सांकृत्यायन
– किताब महल, इलाहाबाद–१९५०

३) साहित्य सुत्ता, कर्मस्थानाचार्य
बौद्ध ऋषि महाप्रज्ञाया आत्मकथा-सम्पादन–दरशा नेवामी
– उपासकोपासिका ऋषि आश्रम
डिल्लीबजार, ने. सं. ११०३

४) संघनायक भदन्त प्रज्ञानन्द
महास्थविरया जीवनी – आर. बी. वन्द्य
– साहु तेजरत्न तुलाधर
असन कमलाक्षी– बु. सं.२५१८


Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# लेखकका प्रकाशित पुस्तकहरू

१) नेपालको इतिहासमा कलंकित घटना
२) भिक्षु धर्मालोक महास्थविर
३) बौद्ध जगत्का स्मरणीय व्यक्तिहरू (प्रथम भाग)
४) बाबा साहेब डा. अम्बेडकर
५) अनागारिका धम्मावती
६) 'पियदस्सि' पं. जवाहरलाल नेहरु
७) भिक्खुत्रयी
८) भिक्षु ऊ चन्द्रमणि महास्थविर
९) महान् उपन्यासकार प्रेमचन्द
१०) जीवन यात्रा में दार्शनिक दृष्टियाँ (प्रस्तुति)
११) बौद्ध-ऋषि महाप्रज्ञा
१२) मनू म्हसीकेगु गय् ? (लेख-संग्रह)
१३) भिक्षु ऊ. कित्तिमा महास्थविर

Downloaded from http://dhamma.digital